कृषि ब्यवसाय राहत कार्यक्रम संचालन निर्देशिका, २०७७

कोभिड-१९ को कारण प्रदेशमा गरिएको लकडाउनबाट कृषि तथा पशुपन्छीजन्य उत्पादनको बजारिकरणमा अवरोध भई दुध, अण्डा, माछा, मासु तथा विभिन्न प्रकारका तरकारीहरु उत्पादनस्थलमा नै नष्ट भएको छ । यस लकडाउका कारण कृषि उपजहरुको बजारिकरण अवरोध भई किसान तथा उद्यमी वा व्यवसायीहरुको क्षति न्यूनिकरण गर्न तथा आगामी दिनमा उत्पादन कार्यलाई निरन्तरता दिन राहत उपलब्ध गराउन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत निकायहरुबाट क्षति विवरण सङ्कलन गरी व्यवस्थित तवरबाट राहत उपलब्ध गर्न गराउन वान्छनिय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १ प्रदेश सरकारले देहायको निर्देशिका जारी गरेको छ ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम **"कृषि ब्यवसाय राहत कार्यक्रम संचालन निर्देशिका, २०७७"** रहेको छ ।

(२) यो निर्देशिका प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) **"कृषि"** शब्दले बाली, बागवानी, पशुपन्छी, माछा, आदि कृषिका सबै उप-क्षेत्रसँग सम्बद्ध उत्पादन, प्रसोधन, बजारिकरण, साना उद्योग एवम् व्यवसाय समेत सम्झनु पर्छ ।

(ख) **"फार्म"** भन्नाले निजि, साझेदारी एवम् सहकारीबाट सञ्चालित कृषि व्यवसाय सम्झनु पर्छ।

(ग) **"ब्याज अनुदान"** भन्नाले कृषक वा फर्मले कृषि प्रयोजन (कृषि उत्पादन तथा प्रारम्भिक प्रशोधन) को लागि विभिन्न बैंक वा सहकारी संस्थाबाट प्रवाह भएको ऋणमा तोकिएको अवधिको लागि प्रदेश सरकारबाट विनियोजित वा स्वीकृत बजेट अनुसारको प्रदान गरीने बैंक वा सहकारी संस्थाको ब्याजमा दिईने अनुदान सम्झनु पर्छ।

(घ) **"बैङ्क"** भन्नाले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको वाणिज्य वा विकास वा सहकारी बैङ्क लगायतका कृषि कार्यमा ऋण प्रबाह गर्ने सहकारी एवम् लघुवित्त संस्था समेत सम्झनु पर्छ ।

(ङ) **"मन्त्रालय"** भन्नाले प्रदेश नं.१ सरकारको भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(च) **"राहत"** भन्नाले लकडाउनका कारण कृषि उत्पादन, प्रसोधन र बजारिकरण व्यवसायमा हुन गएको क्षतिको आधारमा तोकिए बमोजिम उपलब्ध गराइने आर्थिक सहायता सम्झनु पर्छ।

(छ) **"लक्षित वर्ग"** भन्नाले यस निर्देशिका बमोजिम छनौट भएका नेपाली कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणसँग आबद्ध कृषक, कृषि उद्यमी र कृषि फार्म सम्झनु पर्छ ।

(ज) **"सहकारी"** भन्नाले सहकारी ऐन अन्तर्गत दर्ता भएका संस्थालाई सम्झनु पर्छ ।

(झ) **"स्थानीय तह"** भन्नाले गाँउपालिका वा नगरपालिका वा उप महानगरपालिका वा महानगरपालिका र तिनका वार्ड कार्यालयहरु सम्झनु पर्छ ।

(ञ) **"ज्ञान केन्द्र वा बिज्ञ केन्द्र"** भन्नाले क्रमशः कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशुसेवा बिज्ञ केन्द्र सम्झनु पर्छ ।

परिच्छेद-२

राहत तथा व्याजमा अनुदान कार्यक्रम

३. **लक्षित वर्गका लागी राहत कार्यक्रमः** (१) तत्कालका लागी चालु आर्थिक वर्षमा कोरोना भाइरस महामारी संक्रमणको कारण उत्पन्न भएको बिशेष परिस्थितिले गर्दा गरिएको लकडाउनले कृषि क्षेत्रमा पारेको प्रतिकुल प्रभावबाट कृषकहरुलाई संरक्षण गर्न राहत र पुनःस्थापनाका लागि अनुदान प्रदान गरीनेछ।

(२) व्यवसायिक रुपमा गरीएको खेतीमा भएको क्षतिको हकमा स्थानीय तहको वडा कार्यालयको सिफारिस, क्षति सम्बन्धमा प्राविधिक प्रतिवेदनको आधारमा, संख्या उल्लेख हुने कृषिवस्तुको हकमा संख्याको आधारमा तथा अन्यको हकमा क्षतिको आंकलनका आधारमा राहत प्रदान गरिनेछ ।

(३) सम्बन्धित निकायबाट दर्ता भई ब्रोइलर कुखुरा पालन गर्ने फार्मको हकमा २०७६ माघ १५ पछि चल्ला खरिद गरी सो अवधिमा संचालनमा आएका वा भइरहेका वा लकडाउन समाप्त भएको मितिमा कुखुराको उमेर पैंतालीस दिन पुरा भएको फार्मलाई मात्र राहत दिईनेछ ।

(४) लकडाउन अवधिमा बजारिकरण गर्न नसकी क्षति पुगेका तरकारी लगायत अन्य व्यवसायी कृषक समेतलाई राहत वा अनुदान सुविधा उपलब्ध गराउन सकिनेछ ।

(५) तरकारीवालीमा भएको क्षतिका सम्बन्धमा आगामी सिजनमा मुख्य वाली वा खेती वा वस्तुको लागि लक्षित गरी ज्ञान केन्द्र वा बिज्ञ केन्द्र मार्फत् उपलब्ध हुने गरी कृषि वा वस्तुको उत्पादन सामग्री, प्रसोधन, बजारीकरण, सिंचाई वा सोसँग सम्बद्ध रकम अनुदान दिन सकिनेछ ।

(६) कसैलाई पनि राहत तथा अनुदानको हकमा दोहोरो सुविधा प्राप्त हुने छैन ।

४. **कृषि ऋण ब्याजमा अनुदान कार्यक्रमः** (१) कृषक वा फार्मलाई कुनै बैंकबाट कृषि प्रयोजनको लागि प्रवाह भएका वा गरीने ऋणको ब्याजमा प्रदेश सरकारबाट दिइने अनुदानमा यो सुविधा प्रयोग गरिनेछ ।

(२) प्रदेशका प्रत्येक जिल्लाको साना किसान वा फार्महरुले कृषि प्रयोजनका लागी सहकारी वा विकास बैंक वा वाणिज्य बैंक वा लघुवित्त संस्था मार्फत् लिएका ऋणको हकमा सम्बन्धित बैंक वा संस्था को मिति २०७६ चैत्र महिना देखि मिति २०७७ आषाढ मसान्त सम्मको दफा ८ को उपदफा (१) बमोजिम ब्याजमा अनुदान दिइनेछ।

(३) कृषि कार्यमा संलग्न भई जिविकोपार्जन गर्दै आएका, कृषि कार्यमा प्रयोग भएको, स्थानीय तह वडा कार्यालयको सिफारीस र सम्बन्धित बैंक मार्फत् प्रमाणिकरण पश्चात उक्त कृषकहरुलाई व्याज अनुदान उपलब्ध गराईने छ ।

(४) यस प्रकारका ब्याज अनुदान प्राप्त गर्नेहरुलाई यस निर्देशिकामा उल्लेखित अन्य विषयमा दोहोरो सुविधा प्राप्त हुने छैन ।

(५) लकडाउनका कारण भएको क्षति कम गर्न प्रदेश भित्रका साना किसानहरुलाई मलखाद, बीउबिजन, माछा भुरा, चल्ला, उत्पादन सामग्री, सिँचाई लगायतका प्रमुख उत्पादन

सामाग्री खर्च जुटाउन तथा उन्नत कृषि उत्पादन प्रविधि प्रयोग गरेका कृषकहरुलाई मन्त्रालयले ब्याज अनुदानको लागि बजेट व्यवस्था मिलाउने छ ।

५. <u>कार्यक्रम संचालन प्रक्रिया:</u> (१) कृषि राहत वितरण संचालन प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) कृषि राहत वितरणका लागि मन्त्रालयले पन्ध्र दिनको म्याद तोकि सार्वजनिक रुपमा सूचना गर्नुपर्नेछ ।

(ख) राहत प्राप्तीका लागि सम्बन्धित व्यक्ति वा फार्महरुले आ-आफ्नो जिल्लाको ज्ञान केन्द्र वा विज्ञ केन्द्र वा सम्बन्धित स्थानीय तहको कृषि विकास वा पशु विकास शाखामा मन्त्रालयले तोकेको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

(ग) प्राप्त निवेदनहरु सङ्कलन गरी सम्बन्धित कार्यालयले दफा ५ को उपदफा (२) बमोजिमको समितिमा पाँच दिन भित्र पेश गर्नुपर्नेछ ।

(घ) समितिले सात दिन भित्र राहत प्राप्त गर्नेको नाम र रकम सहित निर्णय गरी प्रदेश निर्देशनालयहरुमा बजेट ब्यवस्थाको लागि पठाउनु पर्नेछ ।

(२) जिल्लास्तरमा देहाय बमोजिमको राहत तथा व्याज अनुदान सिफारिस समिति रहनेछ।

(क) प्रमुख, जिल्ला समन्वय समिति - संयोजक

(ख) जिल्ला समन्वय अधिकारी - सदस्य

(ग) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(घ) प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय - सदस्य

(ङ) प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र - सदस्य

(च) प्रतिनिधि, जिल्ला सहकारी संघ वा संस्था - सदस्य

(छ) सम्बन्धित कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशुसेवा बिज्ञ केन्द्रका प्रमुख - सदस्य सचिव

(३) माथि उल्लेखित समितिको दफा ५ को उपदफा (२) को खण्ड (घ) मा सदस्य सचिव तोकिएको केन्द्र भन्दा फरक केन्द्रको सदस्य हुनेछ ।

(४) समितिले बैठकमा प्रदेश सभा सदस्यहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) दफा ५ को उपदफा (२) बमोजिम गठित समितीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) राहत तथा ब्याज अनुदान वितरणका लागि नाम छनौट गरी सम्बन्धित कार्यालयलाई सिफारिस गर्ने ।

(ख) राहत प्राप्त गर्नेहरुको राहत रकम निर्धारण गरि सो को कार्यान्वयन सहजीकरण तथा अनुगमन गर्ने ।

(ग) जिल्लाभित्र राहत प्रदान गर्नुपर्ने लक्षित समुह पहिचान, प्राथमिकीकरण निर्धारण गर्न सम्बन्धित कार्यालयलाई सुझाव दिने ।

(घ) सञ्चालित राहत कार्यक्रमको अनुगमन, निरिक्षण गर्ने तथा कार्यालयलाई रिपोर्टिङ्ग लगायत कार्यमा आवश्यक सहजीकरण गर्ने एवम् आवश्यकता अनुसार निर्देशन दिने।

(ङ) राहत बितरण सम्बन्धमा देखिएका समस्या तथा सो सम्बन्धमा देखिएका विवाद निरुपण गर्ने ।

(६) राहतका लागि लक्षित व्यक्ति वा फार्मको हकमा कृषि प्राविधिक (स्थानीय तह वा प्रदेश सरकार) को स्पष्ट प्रतिवेदन, स्थानिय तह वडा कार्यालयको सिफारीस, नागरीकता प्रमाणपत्रको प्रतिलिपि, वीमा गरेको हकमा सोको प्रमाणित प्रतिलिपि लगायत माग गरे बमोजिम आवश्यक ठानिएका अन्य प्रमाण वा कागजात पेश गर्नु पर्नेछ ।

(७) ब्याज अनुदानको लागि ऋण रकमको यथार्थ स्थिति वारे सम्बन्धित बैंक वा सहकारी संस्थावाट प्रमाणित विवरण तथा सम्वन्धित वडाको सिफारिस पत्र प्राप्त भए पछि मात्र ब्याज अनुदान उपलब्ध गराइनेछ।

(८) राहत तथा ब्याज अनुदान सम्बन्धित ज्ञान केन्द्र वा बिज्ञ केन्द्रबाटै बैंक खाता वा ब्याज अनुदान ऋणखाता मार्फत् प्रदान गरिनेछ।

(९) राहत तथा ब्याज अनुदान उपलब्ध गराउदा आवेदक मध्येका जग्गा स्वामित्व (कसको), व्यावसायको किसिम (पशुपन्छी पालन, तरकारी खेती), ऋणको परिमाण (साना ऋणी) को आधारमा साना कृषक वा फार्मलाई प्राथमिकता दिई सोहि अनुसार प्राप्त आवेदनहरुको क्रम निर्धारण गरी दिइनेछ ।

(१०) कृषि व्यवसाय तथा फार्मको बीमा गरिएकोमा बीमा बापत पाउने सहुलियत तथा क्षतिपूर्ति स्वरुप प्राप्त हुनसक्ने रकम बाहेकको लागि मात्र यस निर्देशिका बमोजिम राहत उपलब्ध गराउन सकिनेछ ।

परिच्छेद-३

राहत तथा अनुदानका सिमा

६. **वजेट व्यवस्थापनः** (१) कोरोना भाईरस संक्रमणको प्रभावले कृषि उत्पादन तथा व्यवसायमा भएको क्षतिका आधारमा जिल्लाहरुमा कृषि, पशुपन्छी तथा मत्स्य विकास तर्फ राहत तथा व्याज अनुदान कार्यक्रमको लागी रकम उपलब्ध गराइनेछ ।

(२) कृषि तर्फ राहतको लागि नेपाल सरकार वा अन्य श्रोतवाट प्राप्त हुने रकम यसै निर्देशिका अनुसार वितरण हुनेछ ।

७. **राहतको सिमाः** (१) वोइलर कुखुरा फार्मका लागी क्षतिको विवरण प्रमाणित भई आएको हकमा एक हजारवटा कुखुरा सम्मको क्षतिमा नब्बे रुपैयाँ प्रति गोटाका दरले र सो भन्दा वढि जतिसुकै ठुलो फार्म भए पनि तीन हजारवटा कुखुरा सम्मको अतिरिक्त क्षतिको लागि पचास रुपैयाँ प्रति गोटाका दरले कुखुरा उत्पादनको नयाँ सिफ्ट शुरु गर्न नयाँ चल्ला खरीद गरेको वील वा विजक रकम राहत स्वरुप उपलब्ध गराईने छ ।

(२) क्षतिको विवरण प्रमाणित भई आएको हकमा अधिकतम एक हजार गोटा सम्म लेयर्स कुखुरा पाल्ने फार्मको लागि नयाँ सिफ्ट शुरु गर्न नयाँ चल्ला खरीद गरेको वील वा विजक रकम राहत स्वरुप एक सय वीस रुपैयाँ प्रति गोटाका दरले राहत दिईने छ ।

(३) दुध उत्पादन गर्ने कृषकहरुलाई लकडाउन अवधिमा विक्री हुन नसकी क्षति भएको वा सङ्कलन हुन नसकेको दुधको परिमाणको आधारमा प्रति लिटर दश रुपैयाँका दरले अनुदान उपलब्ध गराउने । यसो गर्दा दूध सङ्कलन गर्ने केन्द्र वा सहकारीले फाल्गुन महिनामा गरेको औषत कारोवारको परिमाण र लकडाउन अवधिमा गरेको कारोवार बीचको फरक परिमाणको आधारमा दिइनेछ। आधिकारीक रेकर्ड उपलब्ध हुन नसक्ने अवस्थामा यस्तो सुविधा उपलव्ध हुने छैन ।

(४) दुध प्रसोधन गरी धुलो दुध वनाउनका लागि प्रदेश वाहिर दुध ढुवानी गरी लगेमा प्रति लिटर छ रुपैयाँका दरले राहत उपलब्ध गराईने छ । दुध सङ्कलन गर्ने सहकारी संस्थाको वा डेरीको आधिकारीक रेकर्ड उपलब्ध हुन नसक्ने अवस्थामा यस्तो सुविधा उपलव्ध हुने छैन ।

(५) दुध प्रसोधन गरी चिज वा छुर्पी वा खुवा वनाउने उद्योगहरुलाई लकडाउन अवधिमा उत्पादन गरिएको छुर्पी वा चिज लामो समयसम्म विक्री हुन नसकेमा प्रति के.जी. एक सय रुपैयाँका दरले राहत उपलब्ध गराईने छ ।

(६) बंगुरपालन गर्नेहरुका लागि लकडाउनका कारण थप दाना खपत भए वापत लकडाउन अवधिमा खपत भएको दानाको मूल्यको पचास प्रतिशत रकम राहत स्वरुप उपलब्ध गराईने छ ।

(७) तरकारी वाली तथा फलफूल लगायत यसमा उल्लेख नभएको वालीको हकमा क्षतिको विवरण प्रमाणित भई आएमा आगामी सिजनको लागि उत्पादन सामग्रीका लागि कार्ययोजनाका आधारमा अधिकतम तीस कठ्ठा वा वीस रोपनी सम्म प्रति कठ्ठा दुई हजार पाँच सय वा प्रति रोपनी तीन हजार सात सय रुपैयाँका दरले राहत सहयोग दिइनेछ ।तर यो राहत लकडाउनका कारण तरकारी नष्ट भएको प्रमाणित भएमा मात्र उपलब्ध हुनेछ ।

(८) उत्पादन गरेको च्याउ वाली नष्ट भएको प्रमाणित भएमा प्रतिकिलो साठी रुपैयाँका दरले राहत रकम उपलब्ध गराईने छ ।

(९) सहकारी तथा समूहगत रुपमा साना किसानहरुले उत्पादन गरेको चियाको हरियो पत्ती लकडाउनका कारण टिप्न नसकेको प्रमाणित भएमा गत वर्ष सोही समयमा उत्पादन भएको हरियो पत्तीको परिमाणलाई आधार मानि प्रति के.जी. दश रुपैयाँका दरले राहत उपलब्ध गराईनेछ। यसकालागि समूह वा सहकारी वा प्रसोधन उद्योगको आधिकारीक रेकर्डको प्रमाणित प्रति अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ ।

८. <u>व्याज अनुदान सिमाः</u> (१) ब्यवसायिक कृषि प्रयोजन का लागि लिएका ऋणमा मिति २०७६ चैत्र महिना देखि मिति २०७७ असार मसान्त सम्मका चार महिनाको ब्याजमा देहाय बमोजिम प्रदेश सरकारले अनुदान दिनेछ ।

क्र.सं.	कुल ऋण रकम	व्याज अनुदान	कैफियत
१.	पाँच लाख रुपैयाँ सम्म	अधिकतम बाह्र प्रतिशत ब्याजदरले हुने रकमको हकमा शत प्रतिशत	बाह्र प्रतिशत भन्दा बढीको ब्याज ऋणी स्वयंले व्यहोर्ने
२.	पाँच लाख रुपैयाँ भन्दा माथि पन्ध्र लाख रुपैयाँ सम्म	ब्याज रकमको पचाश प्रतिशत वा छ प्रतिशत ब्याजदरले हुने रकम (जुन कम हुन्छ)	

क.सं.	कुल ऋण रकम	व्याज अनुदान	कैफियत
३.	पन्ध्र लाख रुपैयाँ भन्दा माथि तीस लाख रुपैयाँ सम्म	ब्याजको चालीस प्रतिशत वा पाँच प्रतिशत ब्याजदरले हुने रकम (जुन कम हुन्छ)	
४.	तीस लाख रुपैयाँ भन्दा माथि	मन्त्रालयको सिफारिसमा प्रदेश सरकार मन्त्रिपरिषदले निर्धारण गरे बमोजिम	मन्त्रालयले यथार्थ विवरण आङ्कलन गरी वढिमा पाँच प्रतिशत सम्म व्याज अनुदानको लागि सिफारिस गर्न सक्ने छ ।

(२) ब्यवसायिक रुपमा सञ्चालित मत्स्यपालन, ब्यवसायीक पशुपंक्षी फार्महरुमा लकडाउन अवधिमा खपत भएको विद्युत महशुलमा शत प्रतिशत रकम राहात स्वरुप उपलब्ध गराईने छ । यस्तो विद्युत महशुलको लागि राहत रकम कृषि व्यवसाय वा फार्मको नाममा दर्ता रहेको विद्युत प्राधिकरणको बीलको आधारमा मिति २०७६ चैत्र देखि लकडाउन अवधिको लागि मात्र प्रदान गर्न सकिनेछ ।

९. <u>ढुवानी अनुदान सिमाः</u> लकडाउनको अवधिमा चाँडै नै नाश हुने खालका ताजा तरकारी र दुध कृषकको खेतवारी वा उत्पादन स्थल वा सङ्कलन केन्द्रवाट सहकारी संस्था वा सामुहिक बजारिकरणका लागि बजारसम्म पुऱ्याउने सवारी साधनको लागि प्रचलित मूल्य अनुसार ढुवानी खर्च तथा क्रेट खरीद आदिमा लागेको रकमको शत प्रतिशत रकम राहत स्वरुप उपलब्ध गराईने छ ।

परिच्छेद-४

विविध

१०. <u>अनुगमन तथा मुल्याङ्कन व्यवस्थाः</u> (१) कार्यक्रमको समग्र व्यवस्थापन तथा निर्देशन गर्न देहाय बमोजिमको उच्चस्तरीय निर्देशक समिति रहनेछः

(क) मन्त्री, भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - अध्यक्ष
(ख) सचिव, भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य
(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय वा निजले तोकेको कम्तिमा नवौं तहको कर्मचारी - सदस्य
(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय वा निजले तोकेको कम्तिमा नवौं तहको कर्मचारी - सदस्य
(ङ) सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय वा निजले तोकेको कम्तिमा नवौं तहको कर्मचारी - सदस्य
(च) प्रमुख, कृषि विकास निर्देशनालय - सदस्य
(छ) प्रमुख, पशुपन्क्षी तथा मत्स्य विकास निर्देशनालय - सदस्य
(ज) सम्बन्धित महाशाखा प्रमुखहरु, भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य
(झ) प्रतिनिधि, भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले तोकेको सहकारी संघ वा संस्था - सदस्य

(ञ) महाशाखा प्रमुख, योजना तथा अनुगमन महाशाखा, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य सचिव

(२) दफा १० को उपदफा (१) बमेजिमको समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछः

(क) बैंक तथा सहकारी संस्थाहरुसँग समन्वय गरी ब्याज अनुदान प्रवाहमा सहजीकरण गर्ने।

(ख) राहत वा ब्याज अनुदान कार्यक्रम सम्बन्धि प्राविधिक तथा प्रकृयागत कार्यमा सहजीकरण गर्ने ।

(ग) जिल्लास्तरमा रहेको राहत तथा व्याज अनुदान सिफारिस समितिलाई बजेट ब्यवस्था तथा आईपरेका समस्याहरुवारे आवश्यक निर्णय गर्ने ।

(घ) यस निर्देशिकाले समेटन नसकेका वाली वा अन्य सम्बन्धित सामाग्रीको वारेमा निर्णय लिने ।

(ङ) समग्र कार्यक्रम वा प्रकृयाको अनुगमन, निरिक्षण गर्ने तथा नितीगत सुझाव पेश गर्ने ।

(च) यस निर्देशिका बमोजिम राहत तथा ब्याज अनुदानको लागि लाग्ने अनुमानित रकमको विवरण सङ्कलन गरी आवश्यक बजेट व्यवस्थापनका लागि मन्त्रालयलाई सिफारिस गर्ने।

११. **बैंक मार्फत भुक्तानी:** राहत वा अनुदान रकमको भुक्तानी बैंक खाता मार्फत् गर्नुपर्नेछ । सम्बन्धित कार्यालयले राहत रकम भुक्तानी पुर्व राहत पाउनेको नाम सार्वजनिक गर्नुपर्नेछ । उक्त नाम उपर सम्बन्धीत स्थानीय तहको वडा कार्यालयसँग बुझी दफा ५ को उपदफा (२) वमोजिमको समितिले दावी विरोधको निरुपण सात दिन भित्र गर्नुपर्नेछ ।

१२. **कारवाही:** राहत वा अनुदान रकमको दुरुपयोग वा हिनामिना भएको प्रमाणित भएमा प्रचलित कानून बमोजिम कारवाहीको लागि दफा ५ को उपदफा (२) वमोजिमको समितिले सम्बन्धित निकायमा सिफारिस गर्नेछ ।

१३. **स्पष्ट पार्ने तथा बाधा अड्काउ फुकाउः** (१) यस निर्देशिकामा उल्लेख भएका आर्थिक पक्ष बाहेकका सूचनाको नमूना, प्रगती प्रतिवेदनको ढाँचा, लाभग्राही छनौट लगायत अन्य प्राविधिक मापदण्ड तथा तत्सम्वन्धि फारमहरु मन्त्रालयले स्वीकृत गर्नेछ ।

(२) यस निर्देशिकाको कार्यान्वयन सम्बन्धमा प्राविधीक वा प्रकृयागत विषयमा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयमा रहनेछ ।

(३) यस निर्देशिकालाई प्रदेश सरकारले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

प्रमुख सचिव

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ विराटनगर, नेपाल